# राष्ट्रिय सूचना आयोग

का. म. न. पा.-१०, बानेश्वर, देवीनगर

जिन्सी सामानहरुको लिलाम बढाबढ सम्बन्धी सिलबन्दी बोलपत्र फाराम

## सिलबन्दी बोलपत्र आव्हानको सूचना

सूचना प्रकाशित मिति २०७९।०९।१९

यस आयोगमा रहेका पुराना फर्निचर र इलेक्ट्रोनिक्स तथा मेशिनरी लगायतका मालसामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा सिलबन्दी बोलपत्र माध्यमबाट बढाबढ गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति वा फर्महरुले निम्न लिखित शर्तको अधिनमा रही सिलबन्दी बोलपत्र पेस गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. सिलबन्दी बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय सम्म यस आयोगको स्टोर शाखाबाट रु १०००।- (एक हजार) फिर्ता नहुने गरी राष्ट्रिय सूचना आयोगको कार्यालय कोड नं ३५८२१३५०१ को.ले.नि.का. बबरमहलको रा.वा.बैंकमा रहेको खाता नं १०००१००२०००१०००० राजश्व शीर्षक नं १४२२९ मा जम्मा गरिएको भौचर पेश गरी खरिद गर्न सकिने छ । अन्तिम दिन विदा परेमा त्यसको भोलीपल्ट कार्यालय खुलेपछिको दिनको कार्यालय समय सम्म खरिद गर्न सकिने छ ।

२. बोलपत्र फाराम सूचना प्रकाशित भएको मितिले १६ औं दिनको दिन १२:०० बजे भित्र स्टोर शाखामा दर्ता गराई सक्नु पर्नेछ । सो दिन बिदा परेमा कार्यालय खुलेको दिनको १२:०० बजे भित्र दर्ता गराई सक्नु पर्नेछ । बोलपत्र फाराम सिलबन्दी गरी खामको बाहिर बोलपत्र दाताको नाम,ठेगाना खुलाई राष्ट्रिय सूचना आयोगको जिन्सी सामान लिलाम सम्बन्धी बोलपत्र ,२०७९ उल्लेख भएको हुनु पर्नेछ ।

३. पर्न आएका सिलबन्दी बोलपत्रहरु यो सूचना प्रकाशित भएको १६औं दिनको २:०० बजे आयोगको प्रशासन शाखामा उपस्थित व्यक्ति फर्म/कम्पनी र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर व्यक्ति वा फर्मको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त बोलपत्र खोल्ने दिन विदा परेमा त्यसपछिको कार्यालय समय खुलेको दिनमा बोलपत्र खोलिने छ । बोलपत्र स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र स्वीकृत बोलपत्र दाताले सामान उठाई सकेको हुनुपर्ने छ ।

४. सिलबन्दी बोलपत्र साथ आफूले कबोल गरेको अङ्कको ५ (पाँच) प्रतिशतले हुन आउने बोलपत्र जमानत वापतको रकम राष्ट्रिय सूचना आयोगको कार्यालय कोड नं ३५८२१३५०१ मा जम्मा हुने गरी कोष तथा लेखा नियन्त्रक कार्यालयको नेपाल राष्ट्र बैंक बालुवाटारमा रहेको धरौटी खाता नं १२०१२००००१००२५२४ मा नगद जम्मा गरेको बैङ्क भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिले १२० दिन म्याद भएको बाणिज्य बैङ्क द्वारा यस आयोगको नाममा जारी भएको सोही रकम बराबरको बैङ्क ग्यारेन्टी (बिडबोण्ड) पेस गर्नुपर्ने छ ।

५. बोलपत्र पेस गर्ने इच्छुक रजिष्टर्ड फर्म /कम्पनीले मूल्य अभिबृद्धि कर र आयकर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि आ.व. २०७८/७९ सम्मको कर चुक्ता पत्रको प्रमाणित प्रतिलिपि,सार्वजनिक खरिद विक्री सम्बन्धी कार्यमा अयोग्य नभएको स्वघोषणा र इच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि बोलपत्र फाराम साथ संलग्न राख्नु पर्नेछ ।

६. सार्वजनिक खरिद ऐन,२०६३,सार्वजनिक खरिद नियमावली,२०६४ तथा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम रीत नपुगी आएको सिलबन्दी बोलपत्रहरु उपर कुनै कारवाही गरिने छैन ।

७. सिलबन्दी बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस आयोगमा निहीत रहनेछ ।

८. माथि उल्लेखित शर्तहरु बाहेक अन्य कुराहरु प्रचलित कानून अनुसार हुनेछ ।

९. मालसामानको कूल न्यूनतम मूल्य रु ४,४६,१४२।०४(अक्षरेपी चार लाख छयालिस हजार एकसय बयालिस र पैसा चार मात्र) (मू.अ.कर बाहेक) कियम भएकोले सो रकम देखि माथि मात्र कबोल अङ्क लेख्न सकिने छ र बोलपत्र स्वीकृत भएको बोलपत्रदाताले आफूले कबोल गरेको रकममा नियमानुसार लाग्ने मूल्य अभिबृद्ध कर १३% समेत थप गरी हुन आउने रकम दाखिला भुक्तानी गर्नुपर्नेछ ।

१०. यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा वा उल्लेखित सामानहरु हेर्नु परेमा कार्यालय खुलेको समय भित्र आयोगको जिन्सी शाखामा सम्पर्क राख्न सकिने छ ।

११. यो सूचना आयोगको सूचना पाटी र वेवसाइट www.nic.gov.np मा समेत हेर्न सकिने छ ।